आज मिति २०८२ साल मंसिर २५ गते बिहीबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५४ (चौउन्नऔं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

## निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. फोहोरमैला व्यवस्थापन सम्बन्धमा।
३. राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
४. आर्थिक सहयोग सम्बन्धमा।
५. नमोबुद्ध पुर्णिमा मेला व्यवस्थापन खर्च भुक्तानी गर्ने सम्बन्धमा।
६. आयोजना माग गर्ने सम्बन्धमा।
७. बहुवार्षिक योजना सम्बन्धमा।
८. नमोबुद्ध नगरपालिकाको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
९. श्रोत सुनिश्चितता सम्बन्धमा।
१०. संस्था दर्ता सम्बन्धमा।
११. दोश्रो नगर सभाको आठौं अधिवेशन (हिउँदे अधिवेशन) को मिति तथा समय तोक्ने सम्बन्धमा।
१२. विविध।

## निर्णयहरु:

### निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

### निर्णय नम्बर २:

अन्तरपालिका स्तरीय एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणको प्रकृया अगाडी बढाईरहेको र सो परियोजना सम्पन्न हुन केहि वर्ष लाग्ने अवस्था रहेको हुँदा हालका लागि अस्थायी रुपमा फोहोरमैला व्यवस्थापन गर्नका लागि सार्वजनिक निजी साझेदारीको मोडेलमा काम गर्न ईच्छुक संस्थाहरुसँग नियामानुसार प्रस्तावना माग गर्ने र सार्वजनिक निजी साझेदारीको मोडेलमा काम गर्न प्रस्ताव पेश हुने सन्दर्भमा निज संस्थालाई फोहोरमैला व्यवस्थापनका लागि जग्गा एकिन गरी जग्गा उपलब्ध गराउने र सो क्षेत्रमा नगरपालिकाले आवश्यक पूर्वाधार विकास नगरपालिकाले गर्ने। साथै सो सम्बन्धमा मिति २०८२/०८/०४ गते बसेको नगर प्रमुख स्तरीय बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय प्रमाणित

**निर्णय नम्बर ३:**

मिति २०८२/०८/०२ गते नगर उप-प्रमुखजज्यूको संयोजकत्वमा बसेको राजश्व परामर्श समितिको नमोबुद्ध परिसरको राजश्व ठेक्का, आर्थिक ऐनमा नसमेटिएका करका दर निर्धारण, सरसफाई शुल्क निर्धारण र दहत्तर बहत्तरको बोलपत्र आव्हान सम्बन्धी भएको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने।

**तपसिलः**

१. नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन,२०८२ मा उल्लेखित पार्किङ शुल्क, शौचालय शुल्क तथा पर्यटन शुल्कको प्रावधान बमोजिम तथा नमोबुद्ध नगरपालिकाको ५१ औ बैठक, मिति २०८२ भदौ २३ गतेको निर्णयानुसार विगतमा निर्धारण गरिएको मुल्यांकन मिति २०७६/०५/२० गतेको नगरकार्यपालिकाको बाउन्नऔं बैठक अनुसारको न्यूनतम रकम रु.११,६१,३७५ मा कार्ति पूर्णिमामा नमोबुद्ध परिसरमा उठेको व्यवसाय कर रकम रु.१,८५,००० लाई आधार लिई रकम रु.१३,५०,००० निर्धारण गरी ठेक्का आव्हानका लागि कार्यपालिका बैठकमा पेश गर्ने।
२. नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन २०८२/०८३मा छुटेको व्यवसायहरु स्केटिङ व्यवसायको व्यवसाय दर्ता शुल्क रु.५,००० तथा नमोबुद्ध नगरपालिका भित्रका क्षेत्रमा जात्रा मेला पर्व लाग्दा प्रति दिनको प्रति २ मिटर (नमोबुद्ध गुम्बा बाहेकको क्षेत्र) न्यूनतम रक रु.२०० निर्धारण गर्न मनासिव देखि सोहि अनुसार कार्यपालिका बैठकमा पेश गर्ने।
३. नमोबुद्ध नगरपालिका क्षेत्र भित्र उठ्ने फोहोरमैला बापत संकलन रकम एकमुष्ट अग्रिम रुपमा बुझाउदा २ महिनाको रकम छुट दिने गरी कार्यपालिका बैठकमा पेश गर्ने।
४. नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भई बग्ने रोशी खोला बगर (चौकी डाँडा पहिरो राजमार्ग छिनेको ठाउँ देखि पोटा खोला दोभान खण्ड सम्मको नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य ठेक्का नं NMUN/IR/01/082/083 र रोशी खोला बगर पोटा खोला दोभान देखि शनि खोला दोभान खण्डबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य ठेक्का नं NMUN/IR/02/082/083 का लागि मिति २०८२/०६/०३ गते सूचना प्रकाशन गरी अनलाईन बोलपत्र आव्हान भएकोमा म्यादभित्र कुनै पनि बोलपत्र पेश नभएकोले सो बोलपत्र प्रकृया रद्ध गरी पुनः ठेक्का (सोहि दरलाई आधार मानी) आव्हान गर्ने।

**निर्णय नम्बर ४:**

सन् २०२५ डिसेम्बर २७ देखि २८ तारिखका दिन सोतोकान कराते-डो खेलकुद महासंघले भारतको देहरादुनमा आयोजना गर्ने नवौं अन्तर्राष्ट्रिय कराँते च्याम्पियनसिप प्रतियोगिता सहभागी हुन नमोबुद्ध नगरपालिकाका विभिन्न विद्यालयबाट प्रतियोगी खेलाडीहरु सहभागी गराउन आर्थिक सहयोग माग भएको सन्दर्भमा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा उल्लेख भएको खेलकुद प्रवर्द्धन कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेटबाट रकम रु.२,५०,००० (अक्षेरुपी दुई लाख पचास हजार) कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन पेश गर्ने गरी आर्थिक सहयोग

उपलब्ध गराउने र साथै सो सम्बन्धमा मिति २०८२/०८/१५ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने।

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपालिका वडा नम्बर ११ मा अवस्थित नमोबुद्ध मन्दिरमा कार्तिक पुर्णिमाको अवसरमा मिति २०८२ कार्तिक १८, १९ र २० गतेका दिन लागेको मेलामा नगरपालिकाबाट खटाइएको कर्मचारीहरुले सो अवसरमा व्यापार व्यवसाय गर्न आएका व्यवसायीहरुबाट रकम रु. १,८५,००० (अक्षेरुपी एक लाख पचासी हजार) राजश्व संकलन गरी दाखिला गरिएको र नमोबुद्ध नगरपालिका ११ नम्बर वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. २६८, मिति २०८२/०८/०८ गतेको कार्तिक पुर्णिमाको अवसरमा लागेको खर्च भुक्तानी सम्बन्धी आवश्यक प्राप्त पत्रानुसार उक्त मेलाको अवसरमा मन्दिर परिसर तथा सडक सरसफाई, अथितिहरुको स्वागत, स्वयंसेवक तथा सुरक्षाकर्मी परिचालन, खाजा/खाना तथा आवास व्यवस्थापन, बत्ति व्यवस्थापन, सी.सी. क्यामेरा खरिद तथा मर्मत, ब्यानर, लगायत अन्य मेला व्यवस्थापन शीर्षकमा भएको खर्च रकम रु. ३,२१,२०० (अक्षेरुपी तिन लाख एकाईस हजार दुई सय) सम्बन्धित वडा सचिव वा कारोबार गरिएको व्यवसायीलाई भुक्तानी गर्ने।

**निर्णय नम्बर ६:**

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१२ गतेको अविरल तथा भिषण वर्षातका कारण आएको बढी तथा पहिरोजन्य विपदबाट नमोबुद्ध नगरपालिका, रोशी गाउँपालिका र महाभारत गाउँपालिका भित्रको सडक संजाललाई जोड्ने तथा यातायात आवतजावतको लागि अतिआवश्यक रहेको नमोबुद्ध नगरपालिका वडा नम्बर ६ खरिबोट-थांङ्गसिन-रोशी गाउँपालिका वडा नम्बर ७ जोड्ने पक्की पुल पूर्ण रुपमा क्षति भएको हुँदा निर्माण कार्य तत्काल अगाडी बढाउन प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने।

**निर्णय नम्बर ७:**

काभ्रेपलाञ्चोक जिल्ला, क्षेत्र नम्बर ०१ अन्तर्गतको नमोबुद्ध नगरपालिका वडा नम्बर ०६, वडा नम्बर ०७ र वडा नम्बर ०८ लाई समेट्ने नगर गौरवको योजनाको रुपमा रहेको नगरपालिका भित्रको अधिकांश भूगोल समेट्ने विस्तृत परियोजना प्रतिवेदन तयार भई आर्थिक वर्ष २०८२/०८२ को बागमती प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा केहि बजेट विनियोजन भई पूर्वाधार विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकबाट कार्यान्वयन हुने तल्लो हटिया काक्रे चौकी डाँडा सडकलाई बहुवर्षीय योजनामा समावेश गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

निर्णय प्रमाणीकरण

निर्णय नम्बर ८:

नगरपालिका भित्रका सम्पूर्ण वडाका वडा समितिमा र विधायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिकाको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि, २०८२ को दफाबार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

निर्णय नम्बर ९:

आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकारबाट सशर्त अनुदान र नगरस्तरीय तथा वडास्तरीय शिर्षकमा विनियोजन भएको तपसिल बमोजिमका आयोजना/योजनाहरुको लागत अनुमान सम्बन्धित निकायले विनियोजित गरेको बजेट भन्दा बढी आएकोले नपुग रकम आर्थिक वर्ष २०८२/०८३ को विभिन्न सरकारी निकाय संघसंस्था साझेदारी कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेटबाट थप श्रोत सुनिश्चितता गरी नियमानुसार बोलपत्र आव्हान प्रकृया अगाडी बढाउने। साथै संघीय सरकारबाट सशर्त अनुदान शिर्षकमा विनियोजन भएको वडा नम्बर ०२ स्थित काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध न.पा. वि.पि. राजमार्ग श्रीराम बस्ति तिमिल्सिना टोल बुच्चाकोट भगवती मन्दिर सडक स्तरोन्नति, वि.पि. राजमार्ग श्री राम बस्ती ठुली पोखरी कोटदेवी नमोबुद्ध २ काभ्रे र नगरपालिकाबाट वडा स्तरीय योजनामा विनियोजन भएको बुच्चाकोटबाट पाँचखाल जोड्ने सडक निर्माण शिर्षकलाई एकमुष्ठ रुपमा जोडेर कोटदेवी ठुलीपोखरी श्रीराम बस्ति बुच्चाकोट पाँचखाल सडक आयोजना निर्माणको लागि नियमानुसार बोलपत्र आव्हान प्रकृया अगाडी बढाउने।

तपसिलः

| सि.नं. | आयोजनाको नाम | वडा नम्बर | श्रोत | कुल लागत अनुमान (रु.) | विनियोजित बजेट (रु.) | नपुग बजेट (रु.) | कायम गरिएको शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध न.पा. वि.पि. राजमार्ग श्रीराम बस्ति तिमिल्सिना टोल बुच्चाकोट भगवती मन्दिर सडक स्तरोन्नति | वडा नम्बर ०२ | संघीय सरकारबाट सशर्त अनुदान | १,०१,८३,०१६.७० | २५,००,००० | ३१,८३,०१६.७० | कोटदेवी ठुलीपोखरी श्रीराम बस्ति बुच्चाकोट पाँचखाल सडक | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | वि.पि. राजमार्ग श्री राम बस्ती ठुली पोखरी कोटदेवी नमोबुद्ध २ काभ्रे | | | | २५,००,००० | | | |
| ३ | बुच्चाकोटबाट पाँचखाल जोड्ने सडक | | नगरस्तरीय | | २०,००,००० | | | |
| ४ | काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध न.पा. वडा नम्बर १० एसेलुचौर दाप्चा सडक स्तरोन्नति | वडा नम्बर १० | संघीय सरकारबाट सशर्त अनुदान | ६१,६३,२०९.९२ | ४०,००,००० | २१,६३,२०९.९२ | एसेलुचौर दाप्चा सडक स्तरोन्नति | |
| ५ | गिनेरी खुलुमडाँडा सडक निर्माण | वडा नम्बर ०५ | नगरस्तरीय | २६,९०५,७२.३० | २०,००,००० | ६,९०,५७२.३ | गिनेरी खुलुमडाँडा सडक निर्माण | |

**निर्णय नम्बर १०:**

नमोबुद्ध नगरपालिका ०९ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८२/०८३, च.नं. ३६७, मिति २०८२/०७/१७ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री राम झुपडी भिमसेन मन्दिर संरक्षण समिति नियमानुसार दर्ता गर्ने।

**निर्णय नम्बर ११:**

नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो नगर सभाको आठौं अधिवेशन (हिउँदे अधिवेश) मिति २०८२/०९/२९ गते मंगलबार दिनको ठिक ११:०० बजे नगरपालिकाको सभा हल, भकुण्डेबेशीमा गर्ने।